# तामाकोशी-३ अर्धजलाशययुक्त जलविद्युत (६५० मेगावाट) आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना

बागमती प्रदेश, दोलखा जिल्लामा टि. थ्री हाइड्रो कम्पनी प्रा. लि द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | टि. थ्री हाइड्रो कम्पनी प्रा. लि.<br>सिनामंगल टावर, सिनामंगल, काठमाडौं, नेपाल<br>सम्पर्क नं: ०१-४००४६६६<br>ईमेल: info.tamakoshi3@tbinepal.com |
| प्रस्तावक व्यहोरा | तामाकोशी-३ अर्धजलाशययुक्त जलविद्युत (६५० मेगावाट) आयोजना बागमती प्रदेशको दोलखा जिल्लामा पर्दछ । प्रस्तावित आयोजना अर्धजलाशय प्रकृतिको हुनेछ । भीमेश्वर नगरपालिका र वैतेश्वर गाउँपालिकाको बिचमा नयाँपुल भन्दा करीब ३.५० कि.मी. उत्तर, तामाकोशी नदीमा ९६ मी. उचाई र ३५० मी. क्रेष्ट लम्बाईको बाँध निर्माण हुनेछ, जसबाट १५.७ कि.मी. लामो जलाशय बन्नेछ । जलाशयमा पानीको सतहको उचाई समूद्री सतहको न्यूनतम ८९० मी. र उच्चतम ९४० मी. को बिचमा रहनेछ ।आयोजनाको इन्टेकमा ५ वटा roller main gate तथा ५ वटा sliding maintenance gate रहनेछन् ।आयोजनामा कुल लम्बाई ३,०४५ मी. को ७ वटा Adit tunnel हुनेछन् । १७,३०६ मी. लम्बाईको headrace tunnel तथा ६६० मी. लम्बाईको penstock र ९मी. Span को surge tunnel समेत हुनेछ । आयोजनाको सतही विद्युतगृहको साइज Powerhouse १०० मी. x ५० मी. x ४५ मी. हुनेछ भने विद्युतगृहबाट निष्काशित पानी tailrace, नहरबाट पुनः तामाकोशी नदीमै मिसाइनेछ । आयोजनाको डिजाइन discharge २४५ घन मी. प्रति सेकेण्ड हुनेछ । आयोजनाको औसत ग्रस हेड ३१७.२७ मी. र नेट हेड ३०४.५० मी. हुनेछ।विद्युत गृहमा १६२.५ मेगावाट क्षमताको ४ वटा टर्वाइन रहनेछन्, जसबाट कुल ६५० मेगावाट विद्युत उत्पादन हुनेछ । आयोजनाबाट वार्षिक रुपमा उत्पादन हुने २३२८.३७ GWh ऊर्जा ०.९५ कि.मी. लामो ४००केभी विद्युत प्रसारण लाइन मार्फत न्यू खिम्ती सवस्टेशनमा जडान गरिनेछ । |
| प्रभाव पर्न सक्ने जिल्ला/ गाउँपालिका | दोलखा जिल्ला, तामाकोशी गाउँपालिकाको वडा नं १, ३, ४ र ५, भीमेश्वर नगरपालिकाका वडा नं २, ४ र ५, वैतेश्वर गाउँपालिकाको वडा नं १, ६ र ७, शैलुङ गाउँपालिकाको वडा नं ७, मेलुङ गाउँपालिकाको १, २, ४ र ७, गौरीशंकर गाउँपालिकाको वडा नं २ र ३ तथा कालिन्चोक गाउँपालिकाको वडा नं ३, ४, ७ र ८ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय प्रभाव मूल्यांकन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण( Scoping) गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न आयोजना क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको रायसुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित रायसुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**रायसुझावका लागि पत्राचार गर्ने ठेगाना:**

| | | |
|---|---|---|
| प्रस्तावकको नाम र ठेगाना | टि. थ्री हाइड्रो कम्पनी प्रा. लि.<br>सिनामंगल टावर, सिनामंगल, काठमाडौं, नेपाल<br>सम्पर्क नं: ०१-४००४६६६<br>ईमेल: info.tamakoshi3@tbinepal.com |   |
| परामर्शदाताको नाम र ठेगाना | ईन्भाइरोमेन्टल सर्भिसेज नेपाल प्रा.लि.<br>सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौं<br>फोन नं.: ०१-४१०१६९५, ईमेल: info@esn.com.np | |

Scanned with CamScanner